प्रदेश सरकार

प्रदेश नं. ५

# भौतिक पूर्वाधार विकास मन्त्रालय

पत्र संख्या : २०७५/७६

चलानी नं : २४२३

मिति : २०७५/११/२२

विषय : भेरिएशन स्वीकृति सम्बन्धमा ।

श्री महाशाखा, (सबै), भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं. ५, बुटवल ।
श्री यातायात पूर्वाधार निर्देशनालय, मणिग्राम, रुपन्देही ।
श्री पूर्वाधार विकास कार्यालय, (सबै) ।
श्री डिभिजन सडक कार्यालय, (सबै) ।
श्री जलश्रोत तथा सिंचाइ विकास डिभिजन/सब-डिभिजन कार्यालय, (सबै) ।
श्री खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, (सबै) ।
श्री शहरी विकास तथा भवन कार्यालय, (सबै) ।
श्री भूमीगत जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, (सबै) ।
श्री प्रगन्ना तथा बड्कापथ सिंचाइ व्यवस्थापन कार्यालय, दाङ्ग ।
श्री बाणगंगा सिंचाइ व्यवस्थापन कार्यालय, कपिलवस्तु ।
श्री माडी लुङ्ग्री कोरिडोर सिंचाइ आयोजना, रोल्पा ।

उपरोक्त विषयमा आयोजनाहरुको कार्यान्वयन गर्ने सिलसिलामा प्रचलित सार्वजनिक खरिद ऐन/नियमावली र प्रदेश सार्वजनिक खरिद सम्बन्धी आन्तरिक व्यवस्था गर्न बनेको कार्यविधि, २०७५ तथा निर्माण व्यवसायीसँग भएको खरिद सम्झौतामा भेरिएशन स्वीकृति सम्बन्धी व्यवस्था र प्रक्रिया उल्लेख भएको कुरा आयोजना कार्यान्वयन गर्ने कार्यालय प्रमुखहरुलाई विदितै छ । प्राविधिक कारण पुष्ट्याई हुने अवस्थामा उल्लेखित खरिद ऐन/नियम/कार्यविधिले दिएको अधिकार प्रयोग गरी थप कार्य गराउन थप बजेट आवश्यक पर्ने भए सोको तालुक निकायसँग एकिन गरी भेरिएशन गर्नुपर्ने भए सम्बन्धित निकायमा स्वीकृतिको लागि पेश गर्ने र स्वीकृति प्राप्त गरी मात्र आयोजना कार्यान्वयन गर्नु/गराउनु पर्नेछ । बिना स्वीकृति थप निर्माण कार्य गराई भेरिएशन स्वीकृतिका लागि पेश गरेमा थप बजेट उपलब्ध नगराइने र गरिसकेको कार्यको भेरिएशन स्वीकृत गर्न नमिल्ने हुँदा सोही अनुसार गर्नु गराउनुहुन अनुरोध छ ।

(रामचन्द्र ढंगाल)
सचिव

प्रदेश सरकार

प्रदेश नं. ५

# भौतिक पूर्वाधार विकास मन्त्रालय

बुटवल, नेपाल

पत्र संख्या : २०७५/७६

चलानी नं : ९४२४

मिति : २०७५/११/२३

विषय : म्याद थप स्वीकृति सम्वन्धमा ।

श्री महाशाखा, (सबै), भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं. ५, बुटवल ।

श्री यातायात पूर्वाधार निर्देशनालय, मणिग्राम, रुपन्देही ।

श्री पूर्वाधार विकास कार्यालय, (सबै) ।

श्री सडक डिभिजन कार्यालय, (शिवपुर, प्यूठान) ।

श्री जलश्रोत तथा सिंचाइ विकास डिभिजन/सव-डिभिजन कार्यालय, (सबै) ।

श्री खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, (सबै) ।

श्री शहरी विकास तथा भवन कार्यालय, (सबै) ।

श्री भूमिगत जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, (सबै) ।

श्री प्रगन्ना तथा बड्कापथ सिंचाइ व्यवस्थापन कार्यालय, दाङ ।

श्री बाणगंगा सिंचाइ व्यवस्थापन कार्यालय, कपिलवस्तु ।

श्री माडी लुङग्री कोरिडोर सिंचाइ आयोजना, रोल्पा ।

उपरोक्त बिषयमा आयोजनाहरुको कार्यान्वयन गर्ने सिलसिलामा विभिन्न प्राविधिक कारणबाट सम्झौता अवधिमै आयोजना सम्पन्न हुन नसकेमा प्रचलित सार्वजनिक खरिद ऐन/नियमावली र कार्यविधिमा भएको व्यवस्था बमोजिम हर्जाना लगाउन पर्ने/नपर्ने एकिन गरी म्याद थप गर्नुपर्ने देखिएमा म्याद थप गर्नुपर्नाका पुष्ट्याईहरु समेत जाँचबुझ गरी कार्यसम्पादन जमानत, पेश्की जमानत र बीमाको म्याद थप भएको प्रमाण तथा निर्माण व्यवसायीको संशोधित कार्यतालिका संलग्न राखी कार्यालयको टिप्पणी राय सहित सम्झौता अवधि समाप्त भएपश्चात तत्कालै सिफारिस गरी पठाउने व्यवस्था मिलाउनु हुन अनुरोध छ ।

.....................

(रामचन्द्र दंगाल)

सचिव

सचिव